# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ६ मरिण, साउन १८ गते, २०८० साल संख्या ६**

## भाग २

### मरिण गाउँपालिकाको एकल पुरुषलाई निर्वाह भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९ पहिलो संशोधन, २०८०

यस गाउँपालिका क्षेत्र भित्र उमेरले, जन्मजात तथा सामाजिक कारणले वेसहरा अवस्थामा रहेका एकल पुरुषलाई सामाजिक सुरक्षाको रुपमा आ.व. २०७९।८० को गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रम अनुसार निर्वाह भत्ता वितरण गर्न बाञ्छनीय भएको हुनाले यो कार्यविधि जारी गरिएको छ ।

हालसम्म पनि संघीय एवं प्रदेश सरकारबाट समेटिन नसकेका गाउँपालिका भित्र माथिका लक्षित वर्गमा रहि एकल पुरुष सामाजिक आर्थिक रुपमा कठिन अवस्थामा जीवनयापन गरीरहेका नागरिकहरु जसलाई सामाजिक सुरक्षाको रुपमा यस प्रकारको राहत उपलब्ध गराई निजहरुलाई स्थानीय सरकारको संरक्षण र सुरक्षाको अनुभुति

दिलाई न्यूनतम रुपमा जीवनयापन गर्न सहज पुर्याउने यस कार्यक्रमको मुख्य उद्देश्य रहनेछ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u> **:** (१) यस कार्यविधिको नाम "**मरिण गाउँपालिकाको एकल पुरुषलाई निर्वाह भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९, पहिलो संशोधन, २०८०**" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> (१) विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले मरिण गाउँपालिका, कपिलाकोट, सिन्धुली लाई सम्झनु पर्नेछ ।

(ख) "एकल पुरुष" भन्नाले मरिण गाउँपालिका बसोवासमा गर्ने ५० वर्ष पूरा गरेका तर ६८ वर्ष नपुगेका तथा दलित वर्गको हकमा ५० वर्ष पूरा गरेका तर ६० वर्ष नपुगेका (अविवाहित पुरुषको हकमा ४५ बर्ष पुरा तर <u>६०</u> [१]बर्ष नपुगेका) पुरुष जो अविवाहित रहेको वा श्रीमतीको मृत्यु भएको वा अन्यत्रै विवाह गरी गई एकल हुने पुरुषलाई सम्झनु पर्नेछ ।

(ग) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(घ) "वडा कार्यालय" भन्नाले गाउँपालिका अन्तर्गतको सम्पूर्ण वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

(च) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्नेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

---

[१] पहिलो संशोधनबाट संशोधन गरिएको।

(ज) "भत्ता" भन्नाले दफा ३ बमोजिमको रकम सम्झनु पर्नेछ ।

(झ) "लाभग्राही" भन्नाले दफा ३ बमोजिमको निर्वाह भत्ता प्राप्त गर्ने मरिणमा स्थायी बसोबास गर्ने एकल पुरुष भन्ने सम्झनु पर्दछ।

**३. कार्यक्रमको लाभग्राही (एकल पुरुष भत्ता पाउने):** (१) देहायका बमोजिम नागरिकले मात्र एकल पुरुष निर्वाह भत्ता पाउन योग्य हुनेछः

(क)मरिण गाउँपालिकाको नागरिक,

(ख)मरिण गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने एकल पुरुष ।

**स्पष्टीकरण:** यस गाउँपालिकाको क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने एकल पुरुष स्पष्ट उमेर खुल्ने प्रमाण एवं आवश्यक परेमा सम्बन्धित वडाबाट ५ जनाको साक्षी बसि गरेको सर्जमिन बाट ठहरिने एकल पुरुष जो एकल रुपमा जीवन जिउन बाध्य छन् त्यस्ता नागरिकहरुलाई लाई बुझिनेछ ।

**४. लाभग्राहीले आवश्यक कागजातहरु सहित निवेदन दिनुपर्ने :**

(१) यस गाउँपालिका क्षेत्र भित्रका लक्षित वर्ग भित्रका योग्य लाभग्राहीले निम्नानुसारका आवश्यक कागजातहरु सहित गाउँ कार्यपालिकाको कार्यालयले

(२) १५ दिने सूचना प्रकाशित भएको समयमा लिखित रुपमा निवेदन दिनु पर्नेछ ।

(क)नागरिकताको प्रतिलिपि,

(ख)एकल पुरुष भएको व्यहोरा खुल्ने सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ग) आवश्यक परेमा सम्बन्धित वडाबाट ५ जना निजलाई चिन्ने जान्ने मानिसहरु बसि गरेको सर्जमिन वा सिफारिस,

(घ) लिखित निवेदन ।

**५. कार्यक्रम कार्यान्वयन समिति :**

एकल पुरुषको प्राप्त आवेदनको पहिचान, छानवीन तथा मूल्याङ्कनका लागि देहाय बमोजिमको कार्यक्रम समन्वय समिति रहनेछ।

(क) गाउँपालिकाको अध्यक्ष — अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) गाउँपालिकाको अध्यक्षले मनोनित गरेका वडा अध्यक्षहरु र अन्य कार्यपालिकाका सदस्यहरु मध्येबाट महिला, जनजाति, एवं दलित रहने गरी ३ जना — सदस्य

(ङ) महिला, बालवालिका, जेष्ठनागरिक शाखाको प्रमुख — सदस्य-सचिव

**६. समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

(क) एकल पुरुष निर्वाह भत्ता प्रदान गर्ने कार्यमा सहजीकरण गर्ने,

(ख) एकल पुरुषहरु यथार्थ भए नभएको पहिचान एवं एकीन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई सहयोग गर्ने,

(ग) लाभग्राहीको आवेदन उपर छानवीन एवं मूल्यांकन गरी अन्तिम सूची प्रकाशन गर्ने र सोही सूचीको आधारमा भत्ता वितरणको लागि सिफारिस गर्ने,

(घ) एकल पुरुषलाई निर्वाह भत्ता उपलब्ध गराउने क्रममा कुनै प्रकारको दुविधा, समस्या देखा परेमा आवश्यक निर्णयको लागि कार्यपालिकाको बैठकमा पेश गर्ने,

**७. निर्वाह भत्ताको दर र भत्ता पाउने व्यक्ति : (१)** लाभग्राहीले मासिक रु.२००० का दरले १२ महिनाको जम्मा रु. २४०००/- प्राप्त गर्नेछ।

(२) यस प्रकारको त्रैमासिक भत्ता रुपमा वितरण गरिनेछ।

(३) लाभग्राहीले प्राप्त गर्ने निर्वाह भत्ता बापतको रकम निजको बैंक खाता मार्फत भुक्तानी गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

(४) अन्य राहत वा अनुदान पाएको यस प्रकारको लक्षित वर्गले निजले रोजेको कुनै एक मात्र राहत वा सेवा वा अनुदान भत्ता पाउनेछ । यसमा कुनैपनि प्रकारको दोहोरोपना हुने गरी राहत दिन गाउँपालिका बाध्य हुने छैन ।

**८. आबेदन दिनु पर्ने** : (१) दफा (३) बमोजिमको भत्ता पाउने नागरिकले सम्बन्धित वडा कार्यालय अनुसूची-१ बमोजिमको निबेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको साथ आबेदन देहायको कागजात निवेदकले प्रमाणित गरी संग्लन गर्नुपर्नेछ ।

(क) नागरिकताको प्रमाणपत्र प्रतिलिपि,

(ख) पत्निको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) एकल पुरुष जनिने अन्य आवश्यक कागजातहरु,

(३) उपदफा(१) बमोजिम निबेदन प्राप्त भएमा वडा कार्यालयले १५ दिन भित्र आवश्यक कारबाही गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारबाही गर्दा एकल पुरुष भत्ता नपाउने देखिएमा कारण खुलाई सो को लागि लिखित जानकारी निबेदकलाई दिनु पर्दछ ।

(५) उपदफा (३) बमोजिम कारबाही गर्दा एकल पुरुष भत्ता पाउने देखिएमा वडा कार्यालयले गाउँपालिकामा सिफारिस गरी पठाउनु पर्नेछ ।

(६) **प्रत्येक आ.व. को श्रावण मसान्त सम्म आवेदन दिनु पर्नेछ।** [२]

**९. परिचय पत्रः** (१) यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकलाई गाउँपालिकाले अनुसूची-२ बमोजिम परिचयपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचय पत्र नलिएका नागरिकले एकल पुरुष निर्वाह भत्ता पाउने छैन ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको परिचय पत्र हराए वा प्रयोग गर्न नमिल्ने भएमा रु. ५०। प्रतिलिपि दस्तुर संग्लन गरी कार्यालयमा अनुसूची-३ बमोजिम निबेदन दिई प्रतिलिपि लिन सकिनेछ ।

[२] पहिलो संशोधनबाट संशोधन गरिएको।

**१०. अभिलेख राख्नु पर्ने**: (१) गाउँपालिकाले यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकको विबरण र वितरण गरिएका एकल पुरुष भत्ताको अभिलेख अनुसूची ४ बमोजिम राख्नु पर्नेछ ।

(२) वडा कार्यालयको दफा ६ बमोजिम परेको निबेदनको अभिलेख अनुसूची-५ बमोजिम राख्नु पर्नेछ ।

**११. अभिलेखबाट नाम हटाउने**: (१) गाउँपालिकाले देहायको अबस्थामा एकल पुरुष भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाईनेछ ।

क. एकल पुरुषले विबाह गरेमा,

ख. बसाइसरी अन्यत्र गएमा,

ग. प्रचलित कानून बमोजिम अन्य सुरक्षा भत्ता लिएमा,

घ. मृत्यु भएमा ।

**१२. कसुर र सजाय** : (१) कसैले देहायको काम गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछ ।

क. विबरण ढाँटी एकल पुरुष भत्ता लिएमा

(२) कसैले उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गर्ने ब्यक्तिले लिएको रकम असुल गरी निजलाई विगो बराबरको जरिबाना हुनेछ ।

**१३. अनुगमन सम्बन्धी ब्यवस्था** : (१) एकल पुरुष भत्ता पाउने व्यक्तिको अभिलेख व्यबस्थापन तथा भत्ता वितरणको अनुगमन उपाध्यक्ष वा निजले तोकेको गाउँपालिकाको कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

**१४. प्रतिबेदन दिनुपर्ने**: **(१) एकल पुरुष भत्ता प्राप्त गर्ने लाभग्राहीको अभिलेख अद्यावधिक गरी त्रैमासिक रुपमा गाउँपालिकामा पेश गर्नु पर्नेछ।मरिण गाउँपालिकाको एकल पुरुषलाई निर्वाह भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९**

**को अनुसूची (६) बमोजिमको ढाँचामा वडामा निवेदन दिई श्रावण मसान्त भित्र नवीकरण गर्नु पर्नेछ ।**[३]

१५. **संशोधनः** (१) गाउँ कार्यपालिका बैठकको निर्णयले यस कार्यविधि संशोधन गर्न सकिनेछ ।

१६. **बाधा** अड्‌काउ फुकाउने (१) यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यापालिकाले आबश्यक निर्णय गरी त्यस्तो बाधा अड्‌काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

१७. बचाउः (१) यस कार्यविधि लागू हुनु अगावै कुनै निबेदन सम्बन्धित वडा कार्यालयमा भए यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**अन्य :**

(१) यस राहत वितरणमा सरोकारवालाहरुको कुनै गुनासो रहेमा कार्यक्रम कार्यान्वयन समिति वा गाउँ कार्यपालिकाको कार्यालयमा विवरण उल्लेख गरि निवेदन दिन सक्नेछन् । यस गुनासो उपर सम्भव भएमा उही दिन र ढिलामा ३ दिन भित्र समितिको राय लिइ कार्यालयले जवाफ दिनुपर्नेछ ।

(२) अन्य कुरा प्रचलित नियम कानून अनुसार हुनेछ ।

[३] पहिलो संशोधनबाट संशोधन गरिएको।

**अनुसूची-१**

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

नाम दर्ताको लागि दिने निबेदनको ढाँचा

मितिः...............

श्रीमान् अध्यक्षज्यू

.........नं. वडा कार्यालय

मरिण गाउँपालिका, सिन्धुली ।

विषयः नाम दर्ता गर्ने सम्बन्धमा ।

म निबेदक एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९ को दफा ८ बमोजिम भत्ता पाउनको लागि योग्य भएकाले नयाँ नाम दर्ता गरी दिन हुन देहायको विबरण सहित यो निबेदन पेश गरेको छु ।

ब्यक्तिगत विबरण

नाम,थर .......................................

फोटो

बाबु/आमाको नाम,थर..............................

जन्म मिति (वि.स.)..............................

स्थायी ठेगाना : जिल्लाः सिन्धुली, गाउँपालिकाः मरिण

वडा नं.........................टोल/गाउँ......

ना.प्र.नं...............................जारी मितिः.............

पत्नीको नाम,थर........................................

पत्नीको मृत्यु भएको मिति.........मृत्यु भएको दर्ता नं.....

मृत्यु दर्ता जारी गर्ने निकाय ..................................

संग्लन कागजातः

१.निबेदकको नागरिकताको प्रमाणित प्रतिलिपि,

२.पत्नीको मृत्यु दर्ताको प्रमाणित प्रतिलिपि,

३.फोटो २ प्रति,

( मैले राज्यकोषबाट कुनै पारिश्रमिक, निबृतभरण, सामाजिक सुरक्षा वा यस्तै प्रकारका कुनै अन्य सुविधा पाएको छैन । उल्लिखित व्यहोरा ठीक, साँचो हो, झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।)

सम्बन्धित वडा कार्यालयले भर्नेः

दर्ता नं.ः..........निबेदन रुजु गर्नेको नाम, थर, पदः.....................................................

दर्ता मितिः ...........................सहि.............................................................

गाउँ कार्यपालिकाको कार्यालयले भर्नेः

नाम दर्ता गर्ने निर्णय मितिः............................विबरण भर्नेको नाम, थर र पद.................................................................................................................

परिचय पत्र नं.ः......................................सहिः...........................................

भत्ता पाउने सुरु आ.व. २०_ _/...........कार्यालयको छापः..............................

## अनुसूची-२

(दफा ९ को उपदफा १ संग सम्बन्धित)

परिचय पत्रको-नमूना

मरिण गाउँपालिका

कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल

<u>एकल पुरुष परिचय-पत्र</u>

फोटा

परिचय पत्र नंः.................................

नाम, थरः........................................

नागरिकता प्रमाण—पत्र नं.........................

ठेगाना : जिल्लाः सिन्धुली, गाउँपालिकाः मरिण

वडा नंः...............................,टोल/गाउँः...............

जन्म मिति(वि.सं.)…………………………..

बाबुको नाम,थरः..........................

प्रमाणित गर्ने अधिकारी

दस्तखतः

नामः

थरः

पदः

## अनुसूची-३

(दफा ९ को उपदफा ३ संग सम्बन्धित)

प्रतिलिपि पाउँ भनि दिने निबेदनको ढाँचा

मितिः...........................

श्रीमान् कार्यालय प्रमुखज्यू,
मरिण गाउँ कार्यपालिकाको कार्यालय,
कपिलाकोट, सिन्धुली ।

विषयः प्रतिलिपि पाउँ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निबेदकको एकल पुरुष परिचय—पत्र नं .......... को परिचय पत्र (हराएको/प्रयोग गर्न नमिल्ने भएको) हुनाले एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधिको दफा ९ को उपदफा ३ बमोजिम प्रतिलिपि दस्तुर निबेदन साथै राखी परिचय-पत्र प्रतिलिपि पाउँ भनि सदर अनुरोध गर्दछु ।

संग्लन कागजात :

१. नागरिकताको प्रमाण—पत्रको प्रतिलिपि,
२.एकल पुरुषको परिचय—पत्रको प्रमाणित प्रतिलिपि,
३. फोटो १ प्रति,

**निबेदक**

नाम, थरः
ठेगानाः
सम्पर्क नम्बरः
हस्ताक्षरः

मरिण गाउँपालिका

## अनुसूची-४

(दफा १० को उपदफा १ संग सम्बन्धित)

एकल पुरुष भत्ता पाउने लाभग्राहीको मूल अभिलेख

गाउँपालिकाः मरिण आ.व............. किस्ताः .........

| सि.नं. | प.न.प. | नाम , थर | जन्म (मिति)वि.स. | उमेर | वडा नं | नागरिकता नं | मासिक भत्ता | जम्मा पाउने | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मरिण गाउँपालिका

# अनुसुची-५

(दफा १० को उपदफा २ संग सम्बन्धित )

एकल पुरुष भत्ता सम्बन्धी निबेदनको अभिलेख

गाउँपालिकाः मरिण आ.व............. किस्ताः .........

| सि.नं. | निबेदन नं. | निबदेकको नाम, थर | निबेदन दर्ता भएको (मिति) वि.स. | उमेर | जन्म (मिति)वि.स. | नागरिकता नं. र जारी मिति | निबेदन उपर भएको कारबाही | निबेदन उपर भएको कारबाही मिति | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मरिण गाउँपालिका

**अनुसूची-६**

(दफा १५ को उपदफा १ सँग सम्बन्धित)

नवीकरणको लागि दिने निवेदनको ढाँचा

मिति ..........................

श्रीमान वडा अध्यक्षज्यू,

....... नं. वडा कार्यालय,

मरिण गाउँपालिका, सिन्धुली ।

विषयः- नवीकरण गरिपाउँ भन्ने बारे ।

प्रस्तुत विषयमा म निवेदकले आ.व. २०७९/०८० देखि एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९ बमोजिम भत्ता पाइरहेको र म हालको मिति सम्म पनि विवाह नगरि एकल रुपमा बस्दै आएकोले एकल पुरुष भत्ता निरन्तर प्राप्तिको लागि नियम अनुसार परिचयपत्र नवीकरण गरि दिन हुन देहायको विवरण सहित यो निवेदन पेश गरेको छु ।

नाम, थरः ..................................................................

बाबु/आमाको नाम, थरः ...............................................

जन्म मिति- (वि.सं.) ...............................................

स्थायी ठेगाना- मरिण गाउँपालिका वडा नं. .......................

ना.प्र.नं. .................................... जारी मितिः ............................. जारी जिल्लाः ....................

संलग्न कागजातः

१. परिचयपत्रको प्रतिलिपि

२. अन्य आवश्यक कागजातहरु

....................................

आवेदकको हस्ताक्षर

आज्ञाले

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत



मरिण गाउँपालिका